अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९    संख्या : ६    प्रमाणीकरण मितिः२०८३।०३।२४    प्रकाशन मितिः२०८३।०३।२४

## भाग - १

### भजनी नगरपालिकाको बालबालिका सम्वन्धि ऐन , २०८३

**प्रस्तावना :** बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्न तथा बालबालिकाको हक हितको संरक्षण गरी बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम " भजनी नगरपालिकाको बालबालिका सम्वन्धि ऐन, २०८३ " रहेको छ ।

(२) यो ऐन भजनी नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "असहाय, अनाथ र अपांगता भएका बालबालिका, द्वन्द्ध पीडित सडक बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका असहाय, अनाथ र अपांगता भएका बालबालिका सम्झनुपर्छ।

(ख) "न्यायिक समिति" भन्नाले भजनी नगरपालिकामा गठन भएको न्यायिक समितिलाई सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले भजनी नगरपालिका लाई सम्झनुपर्छ ।

(घ) "नगरसभा" भन्नाले भजनी नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(ङ) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, दाजु भाइ वा अविवाहित दिदी, बहिनी हजुर बुबा, हजुर आमा सम्झनुपर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(च) "बाल अदालत" भन्नाले संघीय बाल अधिकार ऐन बमोजिम गठन भएको बाल अदालत सम्झनुपर्छ र सो शब्दले सोही ऐन बमोजिमको बाल इजलासलाई समेत जनाउँछ।

(छ) "बाल अश्लीलता" भन्नाले बालबालिकाको यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने, पत्रपत्रिका, पोष्टर, छापा चलचित्र वा अन्य सञ्चार माध्यमबाट अश्लील चित्र प्रदर्शन गर्ने गराउने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्ता

सामाग्रीको उत्पादन, बिक्रि वितरण, आयात निर्यात संकलन वा प्रचार प्रसार गर्ने गराउने कार्यलाई समेत जनाउँछ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले संघीय कानून बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ।

(झ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(ञ) "बालबालिका विरुद्ध हिंसा" भन्नाले दफा ३७ बमोजिमको कार्य सम्झनुपर्छ।

(ट) "बाल गृह" भन्नाले अनाथ बालबालिका संरक्षणका लागि स्थापना भएको बाल गृह सम्झनुपर्छ।

(ठ) "बाल यौन दुर्व्यवहार" भन्नाले दफा ३८ बमोजिमको कार्य सम्झनुपर्छ।

(ड) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले दफा २० बमोजिमका बालबालिका सम्झनुपर्छ।

(ढ) "वैकल्पिक हेरचाह" भन्नाले दफा २० विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह तथा संरक्षण गर्नु सम्झनुपर्छ।

(ण) "समिति" भन्नाले भजनी नगरपालिकाको स्थानीय बाल अधिकार समिति सम्झनुपर्छ।

(त) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनुपर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवर व्यक्तिलाई समेत जनाउँछ।

(थ) "सामाजिक कार्यकर्ता" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्ने उदेश्यले नगरपालिकामा सामाजिक कार्यकर्ताको रुपमा सूचीकृत भएको व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद–२

## बालबालिकाको अधिकार

३. **बाँच्न पाउने अधिकारः** प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ । भजनी नगरपालिकाले बालबालिकाको बाँच्न पाउने अधिकार, व्यक्तित्व विकास, हुन सक्ने आकस्मिक दुर्घटनाको रोकथाम, जोखिमको न्यूनिकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्वन गर्नेछ ।

४. **नाम, राष्ट्रियता र पहिचानको अधिकारः** (१)प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्वन्धको आधारमा पहिचान सँगै जन्मदर्ताको अधिकार हुनेछ ।

(२) बालबालिका जन्मेपछि निजको बावु वा आमाले आफ्नो धर्म, संस्कृति, चाल चलन वा परम्परा अनुसार बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम राख्दा मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनुपर्नेछ ।

(४) उपदफा (२)बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमाजिमको नाम पाउनेछ ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछन ।

(७) पितृत्वको ठेगान नलागेमा बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ ।

(९) बाबु र आमा दुबै नभएका वा दुवैको ठेगान नलागेका बालबालिकाले परिवारका अन्य सदस्य वा संरक्षकद्धारा दिइएको थर आफ्नो पछाडि प्रयोग गर्न पाउनेछ ।

(१०) आमा,बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न पाइने छैन ।

**५. भेदभाव बिरुद्धको अधिकारः** (१) कुनै पनि बालबालिकालाई निज,निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति , लिङ्ग, उत्पति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपांगता वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न पाइने छैन ।

(२) कसैले पनि बालबालिकाको पालपोषण,शिक्षा वा स्वास्थ्य उपचारमा छोरा छोरी, छोरा छोरा वा छोरी छोरी बीच कुनै भेदभाव गर्न पाइने छैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षण्मा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनुअघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरुबाट जन्मेका बालबालिकाको पालणपोषण,शिक्षा वा स्वास्थ्य उपचारमा कुनै भेदभाव गर्न पाइने छैन ।

**६. बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः** (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु आमाबाट भिन्न वा अलग गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । त्यसरी आदेश दिनुअघि बालबालिकाको इच्छा अनुसार सुनुवाईको मौका दिनु पर्नेछ ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेका बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्वन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विधुतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ ।

(४) बाबु आमा बाहेक कुनै माथवर व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबु आमा वा परिवार सँग भेटघाट, टेलिफोन, पत्राचार तथा विधुतिय सञ्चार माध्यमबाट सम्पर्क गर्न दिनु पर्नेछ ।

७. **संरक्षणको अधिकारः** (१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालणपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ।

(२) बालबालिकाको हेरचाह, संरक्षण, पालणपोषण गर्ने सम्वन्धमा बाबु आमाको समान दायित्व हुनेछ । बाबु आमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालन पोषणको खर्च आर्थिक क्षमता अनुसार बाबु आमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई उचित संरक्षण पाउने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई नगरपालिबाट उचित संरक्षण पाउने अधिकार हुनेछ ।

(५)अपांगता भएका, द्धन्द्ध पीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि नगरपालिकाबाट विशेष संरक्षण पाउने अधिकार हुनेछ।

(६) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानविय व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण बिरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(७) प्रत्येक बालबालिकालाइ आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरुको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(८) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सशस्त्र द्धन्द्ध वा राजनीतिक उदेश्य प्राप्तिको लागि प्रयोग गर्न पाइने छैन ।

(९) कसैले पनि सशस्त्र द्धन्द्ध वा जस्तोसुकै प्रतिकुल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान वा बालगृह लगायतका सुविधामा आक्रमण वा सोको संचालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन पाइने छैन ।

(१०)बालबालिकालाई घरेलु कामदार, कमलरी वा यस्तै अन्य प्रकारले श्रम शोषण हुने कार्यमा प्रयोग गर्न पाइने छैन ।

(११) नगरपालिकाले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरुको अवलम्वन गर्न मापदण्ड बनाई लागू गर्नु पर्नेछ ।

**८. सहभागीताको अधिकारः** १) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान दिनु पर्नेछ ।

(३) बाल सहभागीता प्रबर्धनका लागि नगरपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**९. अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधिनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

**१०.संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः** १) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रबर्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले प्रचलित कानुन बमोजिम बालक्लब वा संस्था दर्ता गराउन सक्नेछन् ।

(३) बाल क्लब गठन तथा दर्ता गर्ने कार्य निःशुल्क हुनेछ ।

(४) बालक्लब र बालबालिका सम्वन्धी काम गर्ने संस्थाहरु बालबालिकाको सर्वोत्तम हितमा केन्द्रित भएर सक्रिय रहनु पर्नेछ ।

**११. गोपनियताको अधिकारः** १) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक पत्राचार र चरित्र सम्वन्धि विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी, वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो, सृजना, सुचना, संकलन, प्रकाशन, मुद्रण प्रदर्शन, बिक्रि वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन पाइने छैन|

(३) बाल अदालत, प्रहरी कार्यालय , संरक्षक, अभिभावक वा अन्य निकायबाट कसुरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्वन्धमा कुनै कारबाही भएको सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन ।

तर कुनै अध्ययन वा शोधकार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ ।

**१२. अपांगता भएका बालबालिकाको विशेष अधिकारः** (१) अपांगता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रर्वद्धन गर्ने, समाजमा सक्रिया रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(२) अपांगता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपांगता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

(४) नगरपालिकाले अपांगता भएका बालबालिकालाई अपांगताको प्रकार अनुरुपका सहयोगी सामाग्री एवं शैक्षिक सामाग्री प्रदान गर्ने र आवश्यकता अनुसार बे्रललिपि , सांकेतिक भाषा वा अन्य कुनै माध्यमबाट शिक्षा उपलव्ध गराउनु पर्नेछ ।

**१३. पोषण तथा स्वास्थ्यको अधिकारः** (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्ने अधिकार हुनेछ ।

(३) गर्भवति महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरु लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरुपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने , उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्वन्धि जानकारी पाउने अधिकार हुनेछ।

(४) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वास्थ्य उपचारको अधिकार हुनेछ।

**१४. खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) बाबुआमाले बालबालिकाको उमेर अनुसार आफ्नो निवासभित्र वा बाहिर खेल खेल्न वा खेलकूदमा सहभागी हुन उपयुक्त वातावरणको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक विद्यालयले पठन पाठन बाहेकको समस्या बालबालिकालाई खेलकूदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकूद स्थल र खेलकूद, सामाग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(५)प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकुल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन रीतिरिवाज र आस्था अनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

**१५. शिक्षाको अधिकारः** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निः शुल्क रुपमा बालमैत्री बातावरण पाउने अधिकार हुनेछ ।

(२) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यमबाट मनोरञ्जनयुक्त वातावरणमा आधारित अनुभव र खोजमुलक ढंगले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार उपयुक्त अध्ययन सामाग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४) असहाय, अनाथ,अपांगता, द्वन्द्ध पिडित भएका तथा जोखिममा रहेका बालबालिकालाई नगरपालिकाबाट माध्यमिक तहसम्म निःशुल्क गर्नुपर्नेछ|

(५) असहाय, अनाथ,अपांगता, द्वन्द्ध पिडित भएका तथा जोखिममा रहेका बालबालिकालाई नगरपालिकाबाट आवासीय शिक्षा वा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद –३

## बालबालिका प्रतिको दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेः** (१) बालबालिकासँग सम्वन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा वा भौतिक संरचना निर्माण गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बाल मैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

१७. **परिवार वा संरक्षकको दायित्वः** (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकाको हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा , स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरु उपलव्ध गराउनु , माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलव्ध गराउन पर्नेछ ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु पाइने छैन ।

(५) बाबु ,आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन पाइने छैन ।

१८. **नगरपालिकाको दायित्वः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण,स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

(२) बालबालिकाको हकहितको संरक्षण र प्रर्वद्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**१९. संञ्चार क्षेत्रको दायित्वः** बालअधिकारको उल्लंघन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु संचार क्षेत्रको दायित्व हुनेछ ।

## परिच्छेद- ४

## बालबालिकाको बिशेष संरक्षण

**२०. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** (१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन: –

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबु आमा पत्ता नलागी बेवारिसे भएका बालबालिका

(ग) बाबु आमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ)थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका ,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालन पोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका

(छ) बाबु,आमा वा अभिभावकबाट दुर्व्यवहार,हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम् हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका,धुम्रपान ,मद्यपान एवं अन्य लागू औषधको कूलतमा फसेका ,एच.आई .भी संक्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वाथ्य समस्या वा गम्भीर अपागता भएको कारण जीवन जोखीममा रही बाबु आमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका बिरुद्धको हिसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्धन्द्धका कारणले बाबु आमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका वा शारिरीक वा मानसिक रुपमा घाइते भएका वा अपागता भएका बालबालिका,

(ठ) बालबालिका विरुद्धको कसुरवाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ड) विपन्न समुदायका बालबालिका,

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मीलन, पुनस्थापना, वैकल्पिक हेरचार, पारिवारिक सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

२१. **वैकल्पिक हेरचारको व्यवस्थाः** (१) दफा २० को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचारको आवश्यकता भएका बालबालिका मानिनेछ ।

(२) उपदफा (१) वमोजिमका बालबालिकालाई नगरपालिकाले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा देहाएको आधारमा प्राथमिक दिई व्यवस्थापन गर्नु पर्नेछ-

(क) बालबालिकाको बाबु वा आमा तर्फको नातेदारहरु मध्येमा नजिकको नातेदार

(ख) बालबालिकालाई हेरचाह गर्ने इच्छुक व्यक्ति वा परिवार ,

(ग) बालबालिकालाई हेरचाह गर्ने संस्था,

(घ) बाल गृह,

(३) अनाथ बालबालिका पन्ध्र वर्ष भन्दा माथिको भएमा र उक्त बालबालिका आफै बसोबास गर्न सक्ने देखिएमा नगरपालिकाले संरक्षक तोकी बालबबालिकालाई स्वतन्त्र बसोबासको व्यवस्था मिलाउन सक्नेछ ।

(४) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सहयोग आवश्यक भएमा नगरपालिकाले तोकिए बमोजिम निश्चित मापदण्ड बनाई आर्थिक सहयोगको व्यवस्था गर्न सक्नेछ ।

(५) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको बाबु आमा तथा बालबालिकाको सम्पत्ति पत्ता लगाउन स्थानीय तह, संरक्षक , बालगृहले निरन्तर प्रयास गर्नु पर्नेछ ।

(६) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको पैतृक सम्पत्तिको संरक्षणको दायित्व नगरपालिकाको हुनेछ ।

(७) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **संरक्षक नियुक्त गर्ने वा तोक्नेः** स्थानीय तहले दफा २१ बमोजिम वैकल्पिक हेरचाहको सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकि हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

२३. **बाल गृहको स्थापना तथा संचालनः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नगरपालिकाले आवश्यकता अनुसार बालगृहको स्थापना गर्न सक्नेछन्।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम स्वीकृति लिई बालगृह संचालन गर्न सक्नेछ ।

तर बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहार वा आर्थिक अपचलन वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्ति वा संस्थाले बाल गृह संचालन गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम स्थापना भएको बाल गृहलाई नगरपालिकाले आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) बालगृहले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य स्थिति,उमेर तथा लैंगिक आधारमा बालबालिकालाई उपयुक्त सेवा तथा सुविधा उपलव्ध गराउनुपर्नेछ ।

(५) कसैले पनि प्रचलित ऐन बमोजिम स्वीकृति नलिई बाल गृह संचालन गर्न वा बाल गृहमा बालबालिका राख्न पाइने छैन ।

(६) बाल गृहले सम्वन्धित बाल गृहमा रहेका बालबालिकाको प्रतिवेदन नगरपालिका, प्रदेश सरकार रसंघीय मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(७) बाल गृहको स्थापना र संचालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **बालगृहमा रहने अवधिः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुर्नःस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई बालगृहमा राखिनेछ ।

२५. **पुर्नमिलन गराउनु पर्नेः** बालगृहमा रहेका बालबालिकाको बाबु आमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ।

२६. **पुर्नस्थापना तथा सामाजिक पुनः एकिकरण सम्वन्धि दायित्वः** बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनः एकीकरण गर्ने सम्बन्धमा नगरपालिकालाई सहयोग गर्ने दायित्व सम्वन्धित बालगृह वा बालसुधार गृहको हुनेछ ।

२७. **संस्थाको प्रमुख जिम्मेवार हुनेः** (१) यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्थाको प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिनेछ ।

(२) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रकृया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई बाल कल्याण अधिकारीले कुन शर्त उल्लघन गरेको हो सो समेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोक लगाईएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा बाल कल्याण अधिकारीले उक्त संस्थालाई बाल संरक्षण कार्यमा लगाएको रोक्का फुकुवा गर्न सक्नेछ ।

२८. **संरक्षण गृह सम्वन्धि व्यवस्था :** (१) बाल गृहमा रहेका कुनै बालबालिकालाई अठार वर्ष उमेर पुरा गरिसकेपछि पनि विशेष संरक्षण गर्न आवश्यक देखिएमा त्यस्ता त्यक्तिलाई संरक्षण गर्ने प्रयोजनको लागि नगरपालिकाले आवश्यकता अनुसार संरक्षण गृह स्थापना गर्न सक्नेछ ।

(२) संरक्षण गृहको स्थापना र संचालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **अनुगमन तथा प्रतिवेदनः** (१) यस विधेयक बमोजिम बालबालिकाको हेरचाह र पालन पोषण गर्न जिम्मा लिएका व्यक्ति,संरक्षक वा संस्थाले बालबालिका सम्वन्धि विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नगरपालिकाको स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रुपमा प्रदेशस्तरको बालअधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) बालबालिकालाई अस्थायी संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्था र उनीहरुले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्वन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(४) स्थानीय बाल अधिकार समितिले बालबालिकाको समग्र स्थिति र उपलव्ध सेवाको गुणस्तर तथा प्रभावकारीताका सम्वन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ।

## परिच्छेद - ५

## बाल अधिकार समिति तथा बाल कल्याण अधिकारी सम्बन्धी संस्थागत व्यवस्था

**३०. स्थानीय बाल अधिकार समितिः** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्धन गर्न नगरपालिकाको नगर उपप्रमुखको अध्यक्षतामा बालबालिकाको क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाको सहभागीतामा देहाय बमोजिम पदाधिकारी रहेको स्थानीय बाल अधिकार समिति रहनेछ।

(क) उप प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) इलाका प्रहरी कार्यालय प्रमुख - सदस्य

(छ) बालबालिकाको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाका प्रतिनिधि - सदस्य

(ज) भजनी नगरपालिका अन्तर्गत माध्यमिक विद्यालय का प्रधानाध्यापक - सदस्य

(ञ) नगरस्तरीय बाल संजाल समितिका सदस्यहरु मध्येबाट १ बालक तथा १ बालिका सहित जम्मा २ जना - सदस्य

(ट) न्यायिक/ कानुन शाखा प्रमुख - सदस्य

(ठ) उधोग बाणिज्य संघको अध्यक्ष - सदस्य

(ड) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख -सचिव

**३१.बाल अधिकार समितिको मुख्य कार्यहरु देहाय बमोजिम रहने छन्ः** (१) बालबालिका सम्वन्धि नीति , कानून, योजना र कार्यक्रम तर्जुमा गर्न आवश्यक पहल, सहजीकरण र समन्वय गर्ने ।

(२) बालबालिकाको हक हितको लागि विभिन्न विकासका साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

(३) बाल अधिकार र बाल संरक्षण विरुद्ध हुने विविध खाले हिंसा, शोषण र दुर्व्यवहार न्युनीकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै विभिन्न तहका सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने,

(४) बालबालिका सम्बन्धी नगरस्तरको सूचना व्यवस्थापन, अभिलेखीकरण तथा प्रतिवेदन तयारी र सार्वजनिक गर्ने ।

(५) कठीन परिस्थितिका बालबालिकाको उद्धार, पुनर्स्थापना र पारिवारिक पुनः एकीकरण गर्नमा सम्वन्धित निकायसँग समन्वय गर्ने ,

(६) बालकोष संचालनका लागि आवश्यक सहयोग प्रदान गर्ने ,

(७) विपद् तथा आपतकालीन समयमा बाल संरक्षण सम्वन्धी कार्यको आवश्यक समन्वय गर्ने,

(८) बालबालिका सम्वन्धी कार्य गर्ने सरकारी निकाय, संस्था, विकासका साझेदार संस्थाहरु, नागरिक समाज र विज्ञहरु बीच बालबालिकाको संरक्षण, विकास सम्वन्धी समन्वय र सहकार्य गर्ने ,

(९) बालबालिका सम्वन्धि घटनाहरुको तत्काल सम्बोधन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड तर्जुमा गर्ने,

(१०) बालबालिका सम्वन्धि विविध विषयमा नगरस्तरका अध्ययन, अनुसन्धान गर्ने , गराउने,

(११) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**३२. बाल कल्याण अधिकारीः** बाल कल्याण अधिकारी सम्वन्धि व्यवस्था संघीय ऐनमा भए बमोजिम हुनेछ ।

तर संघीय ऐन बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म नगरपालिमा कार्यरत अधिकृत छैठौ वा सो सरहको अधिकृत कर्मचारीलाई नगरपालिकाले बाल कल्याण अधिकारी तोक्नु पर्नेछ ।

**३३. सामाजिक कार्यकर्ता तथा बाल मनोविज्ञः** (१) सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले नगरपालिकाको बाल अधिकार समितिमा सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीमा रहेका सामाजिक कार्यकर्ता मध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्वन्धि कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा सामाजिक कार्यकर्ता नियुक्त गर्न सकिनेछ ।

(३) सामाजिक कार्यकर्ताको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**३४. बाल कोषः** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि नगरपालिकामा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:–

(क) नेपाल सरकार, प्रदेश सरकार बाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, संचालन र प्रयोग स्थानीय बाल अधिकार समितिले गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको आर्थिक कारोबार समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको दस्तखतबाट संचालन हुनेछ।

**३५. बालबालिकाको अधिकार प्रचलन गराउनेः** (१) कसैले परिच्छेद –२ बमोजिमको बालबालिकाको अधिकार उल्लघंन गरेमा वा परिच्छेद –३ बमोजिम बालबालिकाप्रतिको दायित्व पूरा नगरेकोले, सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनका लागि सम्वन्धित बालबालिका वा सरोकारवालाले संघीय कानुन अनुसार उच्च अदालत वा न्यायिक समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र सम्वन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्वन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लघंन गरेको वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिका प्रतिको दायित्व पूरा गर्न स्म्वन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ ।

(४) यस दफा बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालबालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ ।

## परिच्छेद –७

## बालबालिका विरुद्धका हिंसा तथा बाल यौन दुर्व्यवहार

**३६. बालबालिका विरुद्धको हिंसाः** (१) कसैले बालबालिकालाई देहायको कुनै कार्य गरे गराएमा वा त्यस्तो कार्यमा प्रयोग गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ :–

(क) धुम्रपान, मद्यपान र जुवा तास खेल्ने खेलाउने जस्ता कुलतमा संलग्न गराउने ,

(ख) बालिगहरुका लागि खोलिएका डान्सबार ,क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने वा बालिगहरुका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृश्य सामाग्री आदि देखाउने,

(ग) संरक्षण, शिक्षा वा अनुशासनका नाममा घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने ,

(घ) प्रत्यक्ष,विधुतिय वा अन्य माध्यम प्रयोग गरी सताउने , कष्ट दिने,

(ङ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हडताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(च) गैरकानुनी थुना,कैद,काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने ,

(छ) लागूऔषध,धुम्रपान,मद्यपान वा मनोदीपक (मनलाई उत्तेजित गर्ने नशालु पदार्थ) पदार्थको उत्पादन, बिक्रि वितरण, भण्डारण,उपभोग वा ओसारपसार गर्ने वा गर्न लगाउने,

(ज) क्रुर अमानवीय व्यवहार गर्ने, यातना दिने,

(झ) भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गराउने,

(ञ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाममा चढाउने वा समर्पण गर्ने वा धर्म परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला, प्रलोभन वा बहिस्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ट) जादु वा सर्कसमा लगाउने,

(ठ) कसुर जन्य कार्य गर्न तालीम दिने वा सिकाउने वा त्यस्तो कार्यमा लगाउने ,

(ड)बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(ढ) कुनै किसिमले सशस्त्र द्धन्द्धमा संलग्न गराउने ,

(ण) प्रचलित कानून विपरीत बालबालिकाको अगं झिक्ने ,

(त) औषधि वा अन्य कुनै परीक्षणको निमित्त बालबालिकालाई प्रयोग गर्ने,

(थ) कानून बमोजिम बाहेक बालगृहमा राख्ने,

(द) शारीरिक चोटपटक वा असर पुर्याउने,आतकिंत पार्ने वा धम्क्याउने,तिरस्कार,उपेक्षा,भेदभाव,बहिस्कार वा घृणा गर्ने,एक्ल्याउने वा मानसिक पीडा दिने

**३७. बालयौन दुर्व्यवहार गरेको मानिनेः** (१) कसैले बालबालिका उपर देहायको कुनै कार्य गरेमा बालयौन दुर्व्यवहार गरेको मानिनेछः–

(क) अश्लील चित्र,श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामाग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामाग्री वितरण गर्ने,भण्डारण गर्ने वा त्यस्ता सामाग्री प्रयोग गर्ने

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामाग्री प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अगंमा स्पर्श गर्ने ,चुम्बन गर्ने ,समाउने ,अकंमाल गर्ने वा अरु कसैको शरीरको संवेनशील अगं छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने,

छ) बाल यौन शोषण गर्ने वा गराउने,

(ज) कसैलाई यौनजन्य सेवा उपलब्ध गराउने उदेश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(झ) यौन दुर्व्यवहार गर्ने उदेश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) बेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ,

(ट) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने,

(ठ) खण्ड (क) देखि (ट) सम्मका कार्य गर्न उद्योग गर्ने,

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उदेश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्वन्धि विषयक शब्द,चित्र,श्रव्य,दृश्य साधन तथा वस्तु वा सामाग्रीको बारेमा लेखेर,बोलेर,इसारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको मानिने छैन ।

**३८. योग्य नमानिने :** सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको भनि अदालतबाट ठहरे पश्चात बर्खास्ती, नियुक्ती वा मनोनीत वा निर्वाचित हुने सम्बन्धी व्यवस्था संघिय र प्रदेश कानुन बमोजिम हुनेछ ।

**३९. सूचना दिनुपर्ने :** (१) बाबु, आमा , संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक , स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बालयौन दुर्व्यवहार भएको वा भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ ।

**४०. अस्थायी संरक्षण सेवा :** (१) तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नगरपालिकाले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सेवाको लागि नगरपालिकाले अन्य संस्था वा निकायका बालगृहलाई समेत प्रयोग गर्न सक्नेछ ।

(३) अस्थायी संरक्षण सेवाको संञ्चालन कार्यविधि, सुचीकरण, गुणस्तर, अनुगमन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नुपर्ने :** (१) बालबालिका विरुद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहारको सूचना, उजूरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी , बालबालिकालाई उद्धार गर्नुपर्ने भए तुरुन्त उद्धार गरी पिडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ ।

(२) यस सम्वन्धि अन्य व्यवस्था संघीय कानुन तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**४२. पुनर्स्थापना केन्द्रः** (१)बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रुपमा पुनर्स्थापना गराउनको लागि नगरपालिकाले प्रदेश सरकारसंग समन्वय गरी आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(३) पुनर्स्थापना केन्द्रमा उपलव्ध गराउनुपर्ने सेवा सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, संचालन, अनुगनमन लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –८

## विविध

**४३. कसुर, सजाय , क्षतिपूर्ति , हदम्याद , क्षेत्राधिकार तथा मुद्धा हेर्ने अधिकारी सम्वन्धि व्यवस्थाः** कसुर, सजाय , क्षतिपूर्ति , हदम्याद , क्षेत्राधिकार तथा मुद्धा हेर्ने अधिकारी सम्वन्धि व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**४४. बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

४५. **गोपनियता कायम राख्नुपर्नेः** (१) कसैले पनि बाल अदालतमा मुद्धासंग सम्वन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विचाराधीन कुनै छापा वा विधुतीय संचार माध्यमद्धारा प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।

(२) कसैले पनि बालबालिका विरुद्धका हिंसा वा बालयौन दुर्व्यवहार पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि संचार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्न पाइने छैन ।

४६. **बालबालिकाको उमेर कायम गर्ने आधारः** बालबालिकाको उमेर कायम गर्न लिने आधार संघीय कानुन बमोजिम हुनेछ ।

४७. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४८. **नियम बनाउने अधिकारः** यस ऐनको उदेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४९. **मापदण्ड ,निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** यो ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमको अधीनमा रही नगरपालिकाले आवश्यक मापदण्ड ,निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

*आज्ञाले,*
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत